आर्थिक वर्ष २०८३/८४ मा प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको

कार्य सञ्चालन मापदण्ड, २०८३

[प्रदेश स्रोत र विशेष अनुदान तर्फ]

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

मिति २०८३/०५/०९ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

“बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (संशोधन सहित)”

को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले

यो मापदण्ड बनाएको छ ।

कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ ।

३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा विनियोजित बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ ।

४. कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ ।

५. चालु आर्थिक वर्ष २०८३/८४ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन । यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ ।

६. सम्पादित कार्यक्रमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ ।

७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।

८. आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्याकंन, सहजिकरण एवं अनुशिक्षण मन्त्रालय तथा अन्य प्रादेशिक निकायबाट हुनेछ ।

९. यस मापदण्डको कुनै विषय स्पष्ट नभएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१०. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

तपसिल

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८३
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८३
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा विनियोजन भएको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमः

[रकम रु. हजारमा]

क्र.सं	ख.शी.नं.	कार्यक्रम कोड	कार्यक्रम	रकम [हजारमा]
प्रदेश स्रोत तर्फ				
१	२२५२२	२.७.२२.३८४	हेमोडायलाइसिस सेन्टरमा रहेको RO Water को गुणस्तर परीक्षण	४००
२	२२५२२	२.७.२२.३८५	Biomedical focal person का लागि ३ दिने तालिम सञ्चालन	२००
३	२२५२२	२.७.२२.३८६	आपूर्ति केन्द्रमा Biomedical औजार उपकरण मर्मत संभार एवम् व्यवस्थापनका लागि Biomedical Engineer [सातौं तह] र Biomedical Technician [पाचौं तह] जनशक्ति व्यवस्थापन	१४००
४	२२५२२	२.७.२२.३८७	BEMIS Software सम्बन्धी अभिमुखीकरण कार्यक्रम	५००
५	२२५२२	२.७.२२.६३	स्वास्थ्यकर्मीहरुका लागि आपूर्ति व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम	३००
६	२२५२२	२.७.२२.६५	बायोमेडिकल युनिट व्यवस्थापन एवम् सुदृढीकरण कार्यक्रम (अस्पतालहरुको बायोमेडिकल औजार उपकरणहरुको जडान, सम्भार तथा सञ्चालन सम्बन्धी सम्पुर्ण कार्यहरु समेत)	४००
७	२२५२२	२.७.२२.६६	औषधी, उपकरण, भ्याक्सिन तथा खोप सामग्री प्याकिङ, रिप्याकिङ र ढुवानी	४००
८	२२५२२	२.७.२२.६७	खरिद गरिने औषधीको गुणस्तर परीक्षण	४००
९	२२५२२	२.७.२२.७०	बायोमेडिकल उपकरण प्राविधिक स्पेसिफिकेशन बैँक अद्यावधिक	३००
१०	२७२१३	७.२.१०.१	Anti-Rabies Vaccine (ARV) खरिद	३०००
११	२७२१३	७.२.११.१४	किटजन्य रोग नियन्त्रण, महामारी / विपद प्रतिकार्यका लागि आवश्यक किट, औषधी एवम् औषधीजन्य सामग्री खरिद	१५००
१२	२७२१३	७.२.११.९	महामारी एवम् विपद पूर्वतयारीका लागि आवश्यक औषधी तथा औषधी जन्य सामग्रीको बफर स्टक व्यवस्थापन	१०००
१३	२७२१३	७.२.९.३	आधारभूत तथा आकस्मिक सेवाका लागि औषधी खरिद	६००००
१४	२७२१३	७.२.९.४	अत्यावश्यक आयुर्वेद औषधी खरिद	७५००
१५	३११२१	११.३.५.४	"A/B" Grade को एम्बुलेन्स खरिद (गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरुको लागि)	३५०००

क्र.सं	ख.शी.नं.	कार्यक्रम कोड	कार्यक्रम	रकम [हजारमा]
१६	३११२२	११.३.२२.४	Digital Health का लागि Server खरिद	५०००
१७	३११२२	११.३.७.२	कार्यालयका लागि आवश्यक मेसिनरी औजार उपकरण खरिद	२००
१८	३११२२	११.३.९.४८	बायोमेडिकल औजार उपकरण खरिद (गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरुको सुदृढिकरणका लागि)	७००००
१९	३११२२	११.३.९.४९	बायोमेडिकल औजार उपकरण खरिद (स्थानीय तह मातहतका आधारभूत अस्पतालहरुको सुदृढिकरणका लागि)	५०००
२०	३११२२	११.३.९.५	बायोमेडिकल औजार उपकरण मर्मतका लागि आवश्यक पर्ने Spare Parts खरिद	१०००
२१	३११२२	११.३.९.६	कोल्डचेनमा आवश्यक पर्ने Spare Parts खरिद	१०००
			विशेष अनुदान तर्फ	
२२	२७२१३	७.२.११.१५	गर्भावस्था र सुत्केरी अवस्थामा अत्यावश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री, परिवार नियोजनका साधन तथा स्यानीटरी प्याड खरिद	६५००
२३	२७२१३	७.२.११.२०	आयुर्वेद सेवा सुदृढीकरण एवं स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधि जस्तै सतावरी, दशमुल तेल, महानारायण तेल आदि खरिद	२५००
२४	२७२१३	७.२.९.१३	नसर्ने रोग तथा मानसिक रोग व्यवस्थापनका लागि आवश्यक औषधि खरिद	१००००
२५	२७२१३	७.२.९.१४	थालेसिमिया / हेमोफिलिया / सिकलसेल एनिमियाको उपचारका लागि औषधि खरिद	२०००
२६	२७२१३	७.२.९.१५	नसर्ने रोग व्यवस्थापनका लागि आयुर्वेद औषधि खरिद	२५००
२७	३११२२	११.३.२२.२	अस्पतालमा NICU/SNCU सेवा विस्तारका लागि औजार उपकरण खरिद	७०००
२८	३११२२	११.३.२२.३	रणनैतिक स्थानका बर्थिङ सेन्टरमा न्यूवर्न कर्नरका लागि औजार उपकरण खरिद	३०००
२९	३११२२	११.३.९.६७	Automated BP and BMI Machine खरिद	२०००

विषयसूची

१. हेमोडायलाइसिस सेन्टरमा रहेको RO Water को गुणस्तर परीक्षण 1

२. Biomedical focal person का लागि ३ दिने तालिम सञ्चालन 2

३. आपूर्ति केन्द्रमा Biomedical औजार उपकरण मर्मत संभार एवम् व्यवस्थापनका लागि Biomedical Engineer [सातौं तह] र Biomedical Technician [पाचौं तह] जनशक्ति व्यवस्थापन 3

४. BEMIS Software सम्बन्धी अभिमुखीकरण कार्यक्रम 4

५. स्वास्थ्यकर्मीहरुका लागि आपूर्ति व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम 5

६. बायोमेडिकल युनिट व्यवस्थापन एवम् सुदृढीकरण कार्यक्रम (अस्पतालहरुको बायोमेडिकल औजार उपकरणहरुको जडान, सम्भार तथा सञ्चालन सम्बन्धी सम्पुर्ण कार्यहरु समेत) 6

७. औषधी, उपकरण, भ्याक्सिन तथा खोप सामग्री प्याकिङ, रिप्याकिङ र ढुवानी 7

८. खरिद गरिने औषधीको गुणस्तर परीक्षण 8

९. बायोमेडिकल उपकरण प्राविधिक स्पेसिफिकेशन बैँक अद्यावधिक 9

१०. औषधी, औषधीजन्य सामग्री, औजार तथा उपकरण खरिद 10

१. हेमोडायलाइसिस सेन्टरमा रहेको RO Water को गुणस्तर परीक्षण

विषयवस्तु	विवरण
परिचय	हेमोडायलाइसिस सेवामा प्रयोग हुने पानीको गुणस्तर बिरामीको सुरक्षा तथा उपचारको प्रभावकारितासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। हेमोडायलाइसिस प्रक्रियामा बिरामीको रगतसँग प्रत्यक्ष सम्पर्कमा आउने डायलाइसिस फ्लुइड तयार गर्न प्रयोग गरिने पानीमा अशुद्धता, रासायनिक तत्व, सूक्ष्मजीव वा अन्य दूषित पदार्थको उपस्थिति भएमा बिरामीको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने जोखिम हुन्छ। हेमोडायलाइसिस सेवाको गुणस्तर तथा बिरामी सुरक्षालाई सुनिश्चित गर्न RO Water को नियमित परीक्षण तथा गुणस्तर अनुगमन आवश्यक हुन्छ। हेमोडायलाइसिस सेन्टरहरूमा प्रयोग भइरहेको RO Water को गुणस्तर प्रचलित मापदण्ड अनुसार भए/नभएको परीक्षण गरी सुरक्षित र गुणस्तरीय डायलाइसिस सेवा प्रवाहमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ।
उद्देश्य	हेमोडायलाइसिस सेन्टरहरूमा प्रयोग भइरहेको RO Water को गुणस्तर सुनिश्चित गर्नु।
अपेक्षित प्रतिफल	प्रदेश अन्तर्गतका हेमोडायलाइसिस सेन्टरहरूमा प्रयोग हुने RO Water को गुणस्तर सुधारका लागि आवश्यक प्राविधिक सुझाव तथा सिफारिस प्रदान गरिएको हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• प्रदेश अन्तर्गत सञ्चालनमा रहेका हेमोडायलाइसिस सेन्टरहरूको विवरण संकलन गरी परीक्षण गर्नुपर्ने स्थानहरूको पहिचान गर्ने, • RO Water परीक्षणका लागि आवश्यक मापदण्ड, परीक्षण विधि तथा सूचकहरू निर्धारण गर्ने, • हेमोडायलाइसिस सेन्टरबाट निर्धारित विधिअनुसार RO Water को नमूना संकलन गरी सम्बन्धित प्रयोगशालामा पठाउने, • स्वीकृत तथा मान्यता प्राप्त प्रयोगशाला/प्राविधिक संस्थाबाट पानीको गुणस्तर (रासायनिक तथा सूक्ष्मजैविक) परीक्षण गराउने, • आवश्यकता अनुसार एउटै हेमोडायलाइसिस सेन्टरबाट पुनः परीक्षणका लागि नमूना पठाउन सकिनेछ। • परीक्षणबाट प्राप्त नतिजाको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने, • मापदण्ड अनुसार गुणस्तर नभएको अवस्थामा सम्बन्धित हेमोडायलाइसिस सेन्टरलाई सुधारात्मक कार्यका लागि सुझाव तथा प्राविधिक मार्गदर्शन प्रदान गर्ने, • अस्पतालले कार्य योजना तयार गरी कार्यान्वयन गरेको सुनिश्चित गर्ने, • RO Water गुणस्तर परीक्षणको नियमितता तथा सुधारात्मक कार्यको अनुगमन एवम् अभिलेखीकरण गर्ने।

२. Biomedical Focal Person का लागि ३ दिने तालिम सञ्चालन

विषयवस्तु	विवरण
परिचय	स्वास्थ्य संस्थाहरूमा बायोमेडिकल उपकरण व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न प्रत्येक स्वास्थ्य संस्थामा तोकिएका बायोमेडिकल फोकल पर्सनको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो। तालिम मार्फत उपकरणको सञ्चालन, नियमित मर्मत सम्भार, Preventive Maintenance, उपकरण अभिलेखीकरण, Biomedical Equipment Inventory Management, उपकरण बिग्रिएको अवस्थामा प्रतिवेदन तथा मर्मत प्रक्रिया, उपकरण सुरक्षा तथा सम्बन्धित मापदण्ड बारे व्यवहारिक ज्ञान प्रदान गर्नका लागि यो कार्यक्रम राखिएको छ।
उद्देश्य	बायोमेडिकल फोकल पर्सनहरूको बायोमेडिकल उपकरण व्यवस्थापन सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु।
अपेक्षित प्रतिफल	बायोमेडिकल फोकल पर्सनहरू बायोमेडिकल उपकरणको सामान्य मर्मत सम्भार एवम् व्यवस्थापन गर्न सक्षम हुनेछन्।
कार्य सञ्चालन प्रक्रिया	**सहभागी छनौट** • बजेटको परिधि भित्र रही अस्पतालबाट एक/एक जना बायोमेडिकल फोकल पर्सनको छनौट गर्ने, • आवश्यकता अनुसार बायोमेडिकल उपकरण व्यवस्थापनमा संलग्न अन्य प्राविधिक कर्मचारीलाई समेत सहभागी गराउन सकिनेछ। **तालिम सञ्चालन** • स्वीकृत तालिम पाठ्यक्रम तथा कार्यतालिका अनुसार तीन दिने तालिम सञ्चालन गर्ने, • स्वास्थ्य सेवा विभागबाट जारी भएको "बायोमेडिकल उपकरण व्यवस्थापन निर्देशिका २०८२" ले गरेका व्यवस्थाका बारेमा अभिमुखीकरण गर्ने, • तालिममा बायोमेडिकल इन्जिनियर, बायोमेडिकल टेक्निसियन तथा सम्बन्धित विषयका प्रशिक्षकले सहजीकरण गर्ने, • बायोमेडिकल उपकरण सम्बन्धी व्यवहारिक अभ्यासका लागि आवश्यक सामग्री तथा उपकरणको व्यवस्थापन गर्न सकिनेछ। **अनुगमन तथा मूल्याङ्कन** • तालिमपश्चात् checklist तयार गरी सहभागीहरुको सिकाइको कार्यान्वयन अवस्थाको अनुगमन गर्न सकिनेछ।

३. आपूर्ति केन्द्रमा Biomedical औजार उपकरण मर्मत संभार एवम् व्यवस्थापनका लागि Biomedical Engineer [सातौं तह] र Biomedical Technician [पाचौं तह] जनशक्ति व्यवस्थापन

विषयवस्तु	विवरण
परिचय	गण्डकी प्रदेश स्थित सरकारी स्वास्थ्य संस्थाहरुको औजार उपकरणहरुको मर्मत सम्भार एवम् सम्बन्धित प्राविधिक सहयोगका लागि स्थापित बायोमेडिकल व्यवस्थापन एकाइको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको छ।
उद्देश्य	नियमित स्वास्थ्य सेवा प्रवाहमा कुनै अवरोध वा व्यवधान नआउने गरी सरकारी स्वास्थ्य संस्थाहरुको Biomedical औजार उपकरणहरु निरन्तर सञ्चालनको अवस्थामा राख्नु।
अपेक्षित प्रतिफल	बायोमेडिकल वर्कसपमा मर्मतका लागि आएका साथै अन्य स्वास्थ्य संस्थाहरुको औजार उपकरणहरुको समयमै मर्मत भएको हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा औजार उपकरण मर्मत सम्भार एवम् व्यवस्थापनका साथै उपकरण खरिद कार्यमा प्राविधिक स्पेसिफिकेसन तयारी, मूल्यांकन तथा निरीक्षण प्रक्रियाको लागि Biomedical Engineer [सातौ तह] -१ जना र आपूर्ति केन्द्रमा Biomedical औजार उपकरण मर्मत सम्भार एवम् व्यवस्थापनका लागि Biomedical Technician [पाचौं तह] -१ जना जनशक्ति "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" अनुसार व्यवस्थापन गर्ने, • गत आर्थिक वर्षमा सेवा करारमा नियुक्त गरिएका कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा उक्त कार्यविधिको आधारमा निरन्तरता दिन सकिनेछ। • नियुक्त कर्मचारीहरुको कार्यविवरण तयार गरी जिम्मेवारी तोकी सो अनुसारको कार्यसम्पादन मुल्यांकन गर्नुपर्नेछ। • नियुक्त कर्मचारीहरुको मुख्य जिम्मेवारीहरु देहाय बमोजिम हुनेछ: ➢ बायोमेडिकल व्यवस्थापन एकाइ अन्तर्गत रहेको बायोमेडिकल वर्कसपमा प्राप्त भएका औजार उपकरणहरुको समयमै मर्मत सम्भार गर्ने, ➢ अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा रहेका बायोमेडिकल औजार उपकरणको समयमै मर्मत, सम्भार, सञ्चालनको लागि स्थलगत रुपमा प्राविधिक सहयोग र सहजीकरण गर्ने, ➢ बायोमेडिकल औजार उपकरणको सामान्य मर्मत सम्भारको लागि स्थलगत अनुशिक्षण गरी स्वास्थ्य संस्थामा कार्यरत सम्बन्धित कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, ➢ प्रदेश अन्तर्गतका Dialysis केन्द्रहरुमा रहेका Dialysis Machine चुस्त दुरुस्त रहेको सुनिश्चित गर्ने।

४. BEMIS Software सम्बन्धी अभिमुखीकरण कार्यक्रम

विषयवस्तु	विवरण
परिचय	Biomedical Equipment Management Information System (BEMIS) ले गण्डकी प्रदेशका स्वास्थ्य संस्थाहरुमा रहेका औजार उपकरणहरुको अभिलेखीकरण, मर्मत सम्भार सम्बन्धी विवरण एवम् बायोमेडिकल औजार उपकरणहरुको अवस्था अद्यावधिक गर्न मद्दत गर्दछ । यस सफ्टवयेर सञ्चालन गर्ने स्वास्थ्यकर्मीहरुलाई सक्षम बनाउन यो कार्यक्रम राखिएको छ ।
उद्देश्य	बायोमेडिकल औजार उपकरणहरुको सही व्यवस्थापन गरी स्वास्थ्य संस्थामा निरन्तर सेवा प्रवाह गर्नु ।
अपेक्षित प्रतिफल	सबै बायोमेडिकल उपकरणको उचित व्यवस्थापन र प्रयोग भएको हुनुका साथै खरिद योजना र मर्मतको प्रक्रृया तथ्यमा आधारित भएको हुनेछ ।
कार्य सञ्चालन प्रक्रिया	• BEMIS लागु भैसकेका अस्पतालका प्रमुख र लागु हुने अवस्थामा रहेका स्वास्थ्य संस्थाहरुको प्रमुख, बायोमेडिकल इन्जिनियर, बायोमेडिकल टेक्निसियन, बायोमेडिकल फोकल पर्सनहरु सहभागी गराई BEMIS को तीन दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, • आवश्यकता अनुसार बायोमेडिकल उपकरण व्यवस्थापनमा संलग्न अन्य प्राविधिक कर्मचारीलाई समेत सहभागी गराउन सकिनेछ । • बायोमेडिकल उपकरण विशेषज्ञ तथा सम्बन्धित विषयका प्रशिक्षकले यो कार्यक्रमको सहजीकरण गर्नुपर्नेछ । • अभिमुखीकरण पश्चात् स्वास्थ्य संस्थाहरुको BEMIS मा भएको विवरण अनुरुप सामग्रीहरु भए नभएको प्रमाणीकरण गरी उपकरणको उचित व्यवस्थापन (कुनै स्वास्थ्य संस्थाहरुमा प्रयोगमा नभएको अवस्थामा अन्यत्र प्रयोगमा ल्याउने) र प्रयोग भएको सुनिश्चित गर्ने ।

५. स्वास्थ्यकर्मीहरुका लागि आपूर्ति व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

विषयवस्तु	विवरण
परिचय	प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको आपूर्ति व्यवस्थापन सम्बन्धी तालिम, सार्वजनिक खरिद सम्बन्धी तालिम, प्रक्षेपण तथा परिमाण निर्धारण गोष्ठी, PAMS सञ्चालन सम्बन्धी अभिमुखीकरण र आधारभूत आपूर्ति व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको छ।
उद्देश्य	औषधी तथा स्वास्थ्य सामग्रीको माग निर्धारण, खरिद, भण्डारण, वितरण, अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी र व्यवस्थित बनाउनु।
अपेक्षित प्रतिफल	स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको आपूर्ति व्यवस्थापन, सार्वजनिक खरिद सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि भएको हुनुका साथै स्वास्थ्य संस्थाहरूमा आपूर्ति व्यवस्थापन, अभिलेखीकरण तथा प्रतिवेदन प्रक्रियामा एकरूपता र शुद्धता भएको हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• स्वास्थ्यकर्मीहरुको आपूर्ति व्यवस्थापन सम्बन्धी तालिमको आवश्यकता अनुसार तालिमको विषयवस्तु निक्यौंल गर्ने, • बजेटको परिधि भित्र रही प्रदेश तथा स्थानीय तहका कर्मचारीहरु समेटी आपूर्ति व्यवस्थापन सम्बन्धी विषय जस्तै : PAMS /सार्वजनिक खरिद ऐन तथा नियमावलीको अपडेट/ भण्डार व्यवस्थापन/ प्रक्षेपण तथा परिमाण निर्धारण आदि विषय समेटी दुई दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

६. बायोमेडिकल युनिट व्यवस्थापन एवम् सुदृढीकरण कार्यक्रम (अस्पतालहरुको बायोमेडिकल औजार उपकरणहरुको जडान, सम्भार तथा सञ्चालन सम्बन्धी सम्पुर्ण कार्यहरु समेत)

विषयवस्तु	विवरण
परिचय	अस्पतालहरूमा रहेका बायोमेडिकल औजार उपकरणहरू चुस्त दुरुस्त राख्न आवश्यक प्राविधिक सहयोग प्रदान गर्न यो कार्यक्रम राखिएको छ।
उद्देश्य	अस्पतालहरूमा बायोमेडिकल औजार उपकरणको निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्नु र गुणस्तरीय सेवा प्रवाह गर्नु।
अपेक्षित प्रतिफल	बायोमेडिकल युनिटहरुमा बायोमेडिकल औजार उपकरणहरु समयमै जडान तथा सम्भार भई निरन्तर सञ्चालनमा आएका हुनेछन्।
कार्य सञ्चालन प्रक्रिया	• अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा रहेका बायोमेडिकल औजार उपकरणको समयमै मर्मत, सम्भार, सञ्चालन र व्यवस्थापन गर्न प्राविधिक सहयोग र सहजीकरण गर्ने, • अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा रहेका बायोमेडिकल औजार उपकरणहरुको आवधिक रुपमा Preventive Maintenance भएको सुनिश्चित गर्ने गराउने, • जिल्ला तथा स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरूमा सम्बन्धित प्राविधिक जनशक्तिलाई आधारभूत बायोमेडिकल औजार उपकरण सम्बन्धी सीप प्रदान गर्न अनुशिक्षण तथा अभिमुखीकरण गर्ने, • अस्पतालहरूमा प्रयोगमा रहेका बायोमेडिकल उपकरणहरू तथा तिनको मर्मत सम्भार अभिलेख व्यवस्थापन गर्न प्रयोग गरिने BEMIS (Biomedical Equipment Management Information System) सफ्टवेयर सम्बन्धी कर्मचारीहरूलाई सो सफ्टवेयर प्रयोग गर्ने सीप प्रदान गर्ने, • अस्पतालहरूमा बायोमेडिकल औजार उपकरण खरिद, प्राविधिक मूल्यांकन, निरीक्षण एवम् सुपरीवेक्षणमा बायोमेडिकल इञ्जिनियर / कन्सल्टेन्ट सहितको सहभागिता सुनिश्चित गर्ने र सञ्चालनमा रहेका मेडिकल उपकरणको समयसमयमा चेकजाँच र सही उपयोग भएको नभएको अनुगमन गर्ने/गराउने, • आवश्यकता अनुसार बायोमेडिकल उपकरण मर्मत गर्न फुटकर स्पेयर पार्ट्सको तत्काल खरिद गर्नुपरेमा यसै कार्यक्रमबाट खरिद गर्न सकिनेछ ।

७. औषधी, उपकरण, भ्याक्सिन तथा खोप सामग्री प्याकिङ, रिप्याकिङ र ढुवानी

विषयवस्तु	विवरण
परिचय	आपूर्ति शृङ्खलाको क्रममा सामग्रीको उचित प्याकिङ, आवश्यकताअनुसार रिप्याकिङ, उचित भण्डारण तथा वैज्ञानिक ढुवानी व्यवस्थापन गर्न नसक्दा औषधी तथा खोप सामग्रीको गुणस्तरमा असर पर्न सक्ने, क्षति हुन सक्ने तथा स्वास्थ्य संस्थाहरूमा सेवा अवरुद्ध हुने अवस्था सिर्जना हुन सक्छ। प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको प्रमुख जिम्मेवारी अन्तर्गत प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी, उपकरण, भ्याक्सिन तथा खोप सामग्रीको सुरक्षित भण्डारण, प्याकिङ, वितरण तथा ढुवानी व्यवस्थापन पर्दछ। यस कार्यक्रम मार्फत आपूर्ति व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र मापदण्ड अनुरूप बनाउँदै स्वास्थ्य संस्थाहरूमा आवश्यक सामग्रीको समयमै उपलब्धता सुनिश्चित गर्न यो कार्यक्रम राखिएको छ।
उद्देश्य	औषधी, उपकरण, भ्याक्सिन तथा खोप सामग्रीको भण्डारण तथा ढुवानीका क्रममा आवश्यक गुणस्तर मापदण्ड, कोल्ड चेन तथा सुरक्षा मापदण्डको पालना सुनिश्चित गरी व्यवस्थित वितरण गर्नु।
अपेक्षित प्रतिफल	स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी, स्वास्थ्य उपकरण, भ्याक्सिन तथा खोप सामग्री सुरक्षित, गुणस्तरीय र समयमै वितरण भएको हुनेछ र ढुवानी तथा वितरण प्रक्रियामा हुने क्षति, नोक्सानी, खेर जाने अवस्था तथा ढिलाइमा कमी आएको हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• प्रदेश भित्रका स्वास्थ्य संस्थाहरूमा औषधी तथा उपकरण ढुवानी गर्दा लाग्ने खर्च अनुमान गर्ने, • ढुवानीका लागि आवश्यकता अनुसार जिल्ला दररेटलाई आधार मानी भरिया वा सवारी साधनको व्यवस्था गरी नियमानुसार ढुवानीकर्ता/आपूर्तिकर्ताबाट ढुवानी सेवा लिने, • ढुवानीको क्रममा खाजा, रिप्याकिङ गर्ने सामग्री, इन्धन व्यवस्थापन गर्नुपरेमा यसै कार्यक्रमबाट खर्च गर्न सकिनेछ। • स्वास्थ्य संस्थाहरूमा माग र आवश्यकताको आधारमा औषधी तथा औजार-उपकरणको प्याकिङ, रिप्याकिङ, ढुवानी र वितरणको परिमाण तयार गर्ने, • कार्ययोजना बमोजिमको विनियोजित बजेटको परिधिमा रही प्याकिङ, ढुवानी र वितरण गर्ने।

८. खरिद गरिने औषधीको गुणस्तर परीक्षण

विषयवस्तु	विवरण
परिचय	गुणस्तरहीन, मापदण्ड विपरीत वा प्रभावहीन औषधीको प्रयोगले बिरामीको स्वास्थ्यमा प्रतिकूल असर पार्नुका साथै स्वास्थ्य सेवा प्रणाली प्रतिको विश्वासमा समेत असर गर्दछ। गण्डकी प्रदेश मातहत रहेका स्वास्थ्य संस्थाहरुबाट खरिद गरिने औषधीहरू प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड अनुसार भए/नभएको सुनिश्चित गर्न औषधीको गुणस्तर परीक्षण आवश्यक हुन्छ । औषधीहरु गुणस्तरयुक्त रहन र वितरण एवम् भण्डारणका क्रममा गुणस्तरमा ह्रास आए नआएको यकिन गर्न समय समयमा औषधीहरुको प्रयोगशालामा गुणस्तर परीक्षण गरी अस्पताल एवम् अन्य स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधीको उपलब्धता सुनिश्चित गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	अस्पताल एवम् अन्य स्वास्थ्य संस्थाहरुबाट वितरण गरिने औषधीहरुको गुणस्तर सुनिश्चित गर्नु।
अपेक्षित प्रतिफल	औषधीहरुको गुणस्तर परीक्षण भई औषधीहरुको गुणस्तर पहिचान भएको हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• यस केन्द्रबाट खरिद भएका औषधीहरु Random Sampling विधिबाट छनौट गरी वा औषधी निरीक्षणको क्रममा विज्ञले परीक्षण गर्नुपर्ने राय दिएमा राष्ट्रिय औषधी प्रयोगशाला वा नेपाल सरकारले अनुमति प्रदान गरेका विश्वविद्यालय / निजी औषधी प्रयोगशालामा पठाई गुणस्तर परीक्षण गराउने, • गुणस्तर परीक्षणका लागि नमूना औषधीहरुको ढुवानी एवम् प्रयोगशाला परीक्षण खर्च यसै कार्यक्रमबाट गर्न सकिनेछ। • गुणस्तर परीक्षणबाट प्राप्त नतिजाका आधारमा आवश्यक प्रक्रिया अघि बढाउनुपर्नेछ।

९. बायोमेडिकल उपकरण प्राविधिक स्पेसिफिकेशन बैंक अद्यावधिक

विषयवस्तु	विवरण
परिचय	बायोमेडिकल उपकरणहरूको खरिद प्रक्रियालाई पारदर्शी, गुणस्तरीय र सर्वसुलभ बनाउन "बायोमेडिकल उपकरण प्राविधिक स्पेसिफिकेशन बैंक" महत्वपूर्ण हुने हुँदा प्राविधिक स्पेसिफिकेशन बैंक अद्यावधिक गर्नका लागि यो कार्यक्रम राखिएको छ।
उद्देश्य	नयाँ र परिमार्जित प्राविधिक विवरणहरू सहितको एकीकृत र अद्यावधिक "स्पेसिफिकेशन बैंक" तयार गर्ने।
अपेक्षित प्रतिफल	गण्डकी प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुले बायोमेडिकल औजार उपकरण खरिद गर्दा प्राविधिक स्पेसिफिकेशन बैंकलाई आधार मानी खरिद प्रक्रया गर्न सहजीकरण भई एकरुपता कायम हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• विभिन्न संस्थामा (संघ, प्रदेश, स्थानीय) कार्यरत बायोमेडिकल ईन्जिनियरहरुको सहभागीतामा गोष्ठी सञ्चालन गरी स्वास्थ्य संस्थाहरुमा प्रयोग हुने औजार उपकरणहरुको स्पेसिफिकेशन तयार गर्ने, Compile गर्ने र प्रमाणीकरणका लागि स्वास्थ्य मन्त्रालयमा पेश गर्ने, • उक्त स्पेसिफिकेशन बैंक मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत गराई प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको आधिकारिक वेबसाइटमा प्रकाशित गर्ने, • प्रत्येक वर्ष प्राविधिक स्पेसिफिकेशन बैंक अद्यावधिक गर्ने।

१०. औषधी, औषधीजन्य सामग्री, औजार तथा उपकरण खरिद

क. Anti-Rabies Vaccine (ARV) खरिद

ख. किटजन्य रोग नियन्त्रण, महामारी / विपद प्रतिकार्यका लागि आवश्यक किट, औषधी एवम् औषधीजन्य सामग्री खरिद

ग. महामारी एवम् विपद पूर्वतयारीका लागि आवश्यक औषधी तथा औषधी जन्य सामग्रीको बफर स्टक व्यवस्थापन

घ. आधारभूत तथा आकस्मिक सेवाका लागि औषधी खरिद

ङ. अत्यावश्यक आयुर्वेद औषधी खरिद

च. "A/B" Grade को एम्बुलेन्स खरिद (गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरुको लागि)

छ. Digital Health का लागि Server खरिद

ज. कार्यालयका लागि आवश्यक मेसिनरी औजार उपकरण खरिद

झ. बायोमेडिकल औजार उपकरण खरिद (गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरुको सुदृढिकरणका लागि)

ञ. बायोमेडिकल औजार उपकरण खरिद (स्थानीय तह मातहतका आधारभूत अस्पतालहरुको सुदृढिकरणका लागि)

ट. बायोमेडिकल औजार उपकरण मर्मतका लागि आवश्यक पर्ने Spare Parts खरिद

ठ. कोल्डचेनमा आवश्यक पर्ने Spare Parts खरिद

ड. गर्भावस्था र सुत्केरी अवस्थामा अत्यावश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री, परिवार नियोजनका साधन तथा स्यानीटरी प्याड खरिद

ढ. आयुर्वेद सेवा सुदृढीकरण एवं स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधि जस्तै सतावरी, दशमुल तेल, महानारायण तेल आदि खरिद

ण. नसर्ने रोग तथा मानसिक रोग व्यवस्थापनका लागि आवश्यक औषधि खरिद

त. थालेसिमिया / हेमोफिलिया / सिकलसेल एनिमियाको उपचारका लागि औषधि खरिद

थ. नसर्ने रोग व्यवस्थापनका लागि आयुर्वेद औषधि खरिद

द. अस्पतालमा NICU/SNCU सेवा विस्तारका लागि औजार उपकरण खरिद

ध. रणनैतिक स्थानका बर्थिङ सेन्टरमा न्यूवर्न कर्नरका लागि औजार उपकरण खरिद

न. Automated BP and BMI Machine खरिद

कार्यक्रम क्र.सं.	कार्य सञ्चालन प्रकृया
"क" देखि "न"	• सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित), प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, प्रदेश खर्चको मापदण्ड, २०७९ र अन्य प्रचलित कानून बमोजिम गर्ने। • उपलब्ध बजेटको आधारमा खरिद गर्ने सामानको पहिचान, परिमाण निर्धारण, बायोमेडिकल इन्जिनियर/टेक्निसियनको संलग्नतामा स्पेसिफिकेशन, लागत अनुमान तयार, Bidding Document तयार, सूचना प्रकाशन, मूल्याङ्कन, सम्झौता, कार्यादेश, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी गर्नुपर्नेछ। • औषधी, औषधीजन्य सामग्री र औजार उपकरण खरिदको विवरण e-LMIS/PAMS प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।
"क" र "ख"	Anti-Rabies Vaccine, किटजन्य रोग नियन्त्रण, महामारी/विपद प्रतिकार्यका लागि आवश्यक किट [Dengue, Malaria, Kala-azar, Scrub Typhus, COVID-19, Cholera आदिका लागि], औषधी एवं औषधीजन्य सामग्री नियमानुसार खरिद गर्ने।
ग	• विभिन्न स्वास्थ्य जन्य विपद् एवम् महामारीजन्य रोगहरुको निदान एवम् व्यवस्थापनका लागि आवश्यक औजार, उपकरण, औषधी, किट, रियजेन्ट, प्राथमिक उपचार सामग्री आदिको सूची तयार गरी प्रचलित कानून बमोजिम कम्तीमा अर्धवार्षिक रुपमा प्राप्त हुने व्यवस्था गरी छुट्टै Disaster Store मा भण्डारण गर्ने, • संक्रमणजन्य रोग र दुर्घटनाको अवस्थामा घटनास्थलमा तत्काल लैजान मिल्ने गरी कम्तिमा ४ वटा EMT ब्याग प्याक सदैव तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने, • बफर स्टकमा रहेको औषधी प्रयोग भएमा वा अन्यत्र वितरण भएको अवस्थामा सोहि प्रकारको नयाँ औषधीले प्रतिस्थापन गरी न्यूनतम मौज्दात सदैव कायम हुने व्यवस्था मिलाउने, • औषधी लगायतको सामग्रीहरु म्याद नगुज्रने गरी भण्डारण, वितरण र प्रयोगको सुनिश्चतता गर्ने।
"घ", "ङ" र "ड" देखि "थ"	• औषधी तथा औषधीजन्य सामग्रीहरूको खरिदका लागि परिमाण निर्धारण गर्दा प्रादेशिक र राष्ट्रिय स्तरको "Forecasting and Quantification" निर्धारण कार्यशाला गोष्ठीबाट प्राप्त प्रतिवेदन प्रयोग गरी गत वर्षहरूको वार्षिक खपत परिमाण, हालको मौज्दात परिमाण, प्रदेशको Morbidity तथ्यांक, संघबाट भविष्यमा प्राप्त हुने औषधी तथा औषधीजन्य सामग्रीको परिमाण तथा स्टकआउट भएको अवधिको औषधीको परिमाण समेतलाई ध्यानमा राखी निर्धारण गर्नुपर्नेछ।

कार्यक्रम क्र.सं.	कार्य सञ्चालन प्रकृया
	• प्रदेश अन्तर्गतका अस्पतालहरुबाट समेत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने भएकाले ९८ प्रकारका आधारभूत औषधी र १८ प्रकारका औषधीजन्य सामग्री खरिद गर्दा स्वास्थ्य सेवा विभाग, काठमाडौंले प्रदेशले खरिद गर्नुपर्ने र स्थानीय तहले खरिद गर्नुपर्ने भनी तोकेका दुबै किसिमका औषधी तथा औषधीजन्य सामग्री प्रदेश अन्तर्गतका अस्पतालहरुमा वितरण गर्नका लागि खरिद गर्नुपर्नेछ। • नेपाल सरकारको स्वामित्वमा रहेको औषधी उत्पादक कम्पनी "नेपाल औषधी लिमिटेड" मार्फत उत्पादन हुने औषधीहरुको हकमा सम्भव भएसम्म उक्त कम्पनिबाट र आयुर्वेद औषधीहरुको हकमा सम्भव भएसम्म सिंहदरबार वैद्यखानाबाट खरिद गर्नुपर्नेछ। • नेपाल औषधी लिमिटेड तथा सिंहदरबार वैद्यखानाबाट उत्पादन नहुने औषधीहरु र आयुर्वेद औषधीहरुको हकमा विश्व स्वास्थ्य संगठन कुशल उत्पादन अभ्यास (WHO-GMP) सर्टिफाइड कम्पनीहरूबाट उत्पादन भएको गुणस्तरीय औषधीहरू मात्र खरिद गर्नुपर्नेछ। • "आयुर्वेद सेवा सुदृढीकरण एवं स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधि जस्तै सतावरी, दशमुल तेल, महानारायण तेल आदि खरिद" शीर्षकबाट स्तनपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ औषधी र अन्य सेवाग्राहीका लागि अन्य आवश्यक आयुर्वेद औषधी खरिद गर्नुपर्नेछ।
छ	• प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य संस्थाहरूको स्वास्थ्य तथ्याङ्क सुरक्षित एवम् एकीकृत रूपमा भण्डारण गर्न, डिजिटल प्रणालीहरू बिच डाटा आदानप्रदान गर्न र सूचना प्रणालीहरूलाई सञ्चालन गरी निर्णय प्रक्रियालाई वस्तुनिष्ठ बनाउन प्रदेश स्तरमा एकीकृत, सुरक्षित र भरपर्दो डिजिटल हेल्थ प्रणालीका लागि सर्भरको CPU Core, RAM, Storage (SSD), Data Backup System, Cyber Security आदिको आवश्यकता पहिचान गरी नियमानुसार खरिद गर्ने।
"ट" र "ठ"	• प्रदेश स्थित स्वास्थ्य संस्थामा रहेका बायोमेडिकल उपकरण तथा अन्य आवश्यक उपकरणहरु मर्मत सम्भार गर्न आवश्यक पर्ने Spare Parts एवम् कोल्डरुममा बिग्रिएका र प्रयोगमा नआई थन्किएर बसेका मेसिनरी औजार तथा उपकरणहरुको तथ्याङ्क संकलन गरी उक्त उपकरणहरुमा आवश्यक पर्ने Spare Parts पहिचान गरी खरिद गर्ने।